## स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
## (पहिलो संशोधन)

*माननीय मन्त्रीस्तरीय निर्णयबाट संशोधित मिति २०८०।०८।२६*

| क्र.सं. | दफा/उप-दफा | हाल कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा २ (छ) | "कार्यालय" भन्नाले लुम्बिनी प्रदेशका स्थानीय तहमा रहेका कृषि विकास शाखालाई सम्झनु पर्छ। | "कार्यालय" भन्नाले लुम्बिनी प्रदेशका स्थानीय तहहरूलाई सम्झनु पर्छ। |
| २ | दफा ६.२, क्र.सं. २ बाखा प्रवर्द्धन कार्यक्रम/ बाखापालक कृषकलाई सहयोग | **मापदण्डः**<br>कृषक/समूह/सहकारी/ फर्म/कम्पनीले पहाडमा प्रति कृषक कम्तीमा १० माउ बाखा र तराइमा कम्तीमा १५ वटा माउ बाखा पालन गरेको हुनु पर्ने।<br>**अनुदान सीमाः**<br>प्रति आयोजना अधिकतम रु. १ लाख | **मापदण्डः**<br>• कृषक/समूह/सहकारी/ फर्म/कम्पनीले पहाडमा प्रति कृषक कम्तीमा ५ माउ बाखा र तराइमा कम्तीमा १० वटा माउ बाखा पालन गरेको हुनु पर्ने।<br>• समूह/सहकारीको हकमा कम्तीमा ५० बाखा पालन गरेको हुनु पर्ने।<br>**अनुदान सीमाः**<br>कृषक/फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. ७५ हजार र समूह/सहकारी अधिकतम रू. ५ लाख अनुदान। |
| ३ | दफा ६.२ क्र.सं. ६ दूध संकलन केन्द्र स्थापना/सुदृढीकरण तथा बजारीकरण | **मापदण्डः**<br>• साझेदारीमा दुग्ध संकलन तथा बजारिकरणमा संलग्न सहकारी/समूह/समिति/फर्म कम्पनी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा ५०० लिटर र तराईमा कम्तीमा १००० लिटर दूधको संकलन र बजारिकारण गरिरहेको हुनुपर्ने। | **मापदण्डः**<br>• साझेदारीमा दुग्ध संकलन तथा बजारिकरणमा संलग्न सहकारी/समूह/समिति/फर्म कम्पनी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा फर्म कम्पनीको हकमा २०० लिटर र समूह/सहकारीको हकमा ५०० लिटर र तराईमा फर्म कम्पनीको हकमा ४०० लिटर र समूह/सहकारीको हकमा कम्तीमा १००० लिटर दूध संकलन र बजारिकारण गरिरहेको हुनुपर्ने। |
| ४ | दफा ६.२ क्र.सं. ९ गौशाला निर्माण/ सुधार | **कियाकलापहरू**<br>• गौशाला निर्माण तथा बारबन्देज,<br>• ट्रस, कम्पोष्ट पिट, दाना तथा घाँस/परालको स्टोर निर्माण,<br>• घाँस खेती र खानेपानीको व्यवस्थापन,<br>• प्राङ्गारिक मल सुधार, भर्मीकम्पोष्ट<br>• आकस्मिक पशु उपचारको व्यवस्थापन।<br>**अनुदान सीमाः**<br>कुल लागतको अधिकतम ८५ प्रतिशत। | **कियाकलापहरू**<br>• गौशाला निर्माण तथा बारबन्देज,<br>• ट्रस, कम्पोष्ट पिट, दाना तथा घाँस/परालको स्टोर निर्माण,<br>• घाँस खेती र खानेपानीको व्यवस्थापन,<br>• प्राङ्गारिक मल सुधार, भर्मीकम्पोष्ट<br>• आकस्मिक पशु उपचारको व्यवस्थापन<br>• आहारा तथा हेरालु व्यवस्थापन<br>• अभिलेखीकरणका लागि ट्याग |

२०८०।०८।२६



२०८०।०८।२६
सचिव

| क्र.सं. | दफा/उप-दफा | हाल कार्यविधिमा भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | **अनुदान सीमाः**<br>• नाफा मुलक निजी संघ संस्थाको हकमा कुल लागतको अधिकतम ८५ प्रतिशत अनुदान।<br>• स्थानीय तहको समन्वयमा गैर नाफा मुलक सामाजिक संघ संस्था, मन्दिर व्यवस्थापन, महन्त/जोगीहरूबाट सञ्चालितको हकमा शत प्रतिशत अनुदान।<br>• स्थानीय तहको लागत साझेदारीमा समेत सञ्चालन गर्न सकिने। कुल लागतको कम्तीमा १५ प्रतिशत स्थानीय तहको लागत साझेदारी हुनु पर्ने। |
| ५ | दफा ६.२ क्र.सं. १८ तरकारी हाट बजार व्यवस्थापन | **मापदण्डः**<br>• उपयुक्त स्थानमा समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• नियमित तरकारी हाट बजार सञ्चालन भएको हुनुपर्ने,<br><br>**अनुदान सीमाः**<br>कूल लागतको अधिकतम ७५ प्रतिशत | **मापदण्डः**<br>• उपयुक्त स्थानमा समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• स्थानीय तह आफैले पनि पूर्वाधार निर्माण तथा बजार सञ्चालन गर्न सक्ने,<br>• नियमित तरकारी हाट बजार सञ्चालन भएको हुनुपर्ने<br>**अनुदान सीमाः**<br>• समिति/सहकारीको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत,<br>स्थानीय तह आफैले सञ्चालन गर्ने हकमा शत प्रतिशत |
| ६ | दफा ६.२ क्र.सं. २५ मौरी प्रवर्धन कार्यक्रम | **अनुदान सीमाः**<br>• कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• प्रति योजना अधिकतम रु. १ लाख ५० हजार। | **अनुदान सीमाः**<br>• कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• फर्म र कम्पनीको हकमा प्रति योजना अधिकतम रु. १ लाख ५० हजार।<br>• समूह/सहकारीको हकमा प्रति योजना अधिकतम रु. ५ लाख। |
| ७ | दफा १४ उप-दफा (२) | उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ। | स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० पहिलो संशोधन अगाडि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ। |

२०८०।८।२६



२०८०।८।२६
सचिव

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

*स्वीकृत मिति २०८०।०६।१०*

प्रस्तावनाः लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट आर्थिक वर्ष २०८०/८१ मा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ (२) प्रयोग गरी लुम्बिनी प्रदेश, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसँग ले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि स्थानीय तहको कृषि विकास शाखा र पशु सेवा शाखाबाट अनुदानग्राहीलाई उपलब्ध गराइने नगद रकम र जिन्सी सहायता समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि विकास उद्देश्य भएका, सामुदायिक वन उपभोक्ता, जलउपभोक्ता वा बजार समिति कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको समिति सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी उत्पादन/प्रशोधन/बजारीकरण गर्ने गरी प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्ययोजना" भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार सेवाग्राहीले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(छ) "कार्यालय" भन्नाले लुम्बिनी प्रदेशका स्थानीय तहमा रहेका कृषि विकास शाखालाई सम्झनु पर्छ।

(ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(झ) "कृषि उपज" भन्नाले कृषकले उत्पादन गरेका बाली/वस्तु तथा त्यसरी उत्पादित बाली/ वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, तेलहन, दलहन, पुष्प, च्याउ, मौरी, रेशम, कफी, अलैंची, सुपारी, घाँसेबाली, कपास, जुट, उखु, रबर लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँदछ।

(ञ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ट) "फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका कृषि व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।

(ड) "सशर्त कार्यक्रम" भन्नाले लुम्बिनी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा गएका कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ।

(ढ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

(ण) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई सम्झनु पर्छ।

३. <u>सरोकारवाला निकायहरूको भूमिका:</u> यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछ:-

(क) मन्त्रालय तथा मातहतका कार्यालयको भूमिका:

- कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन तथा समस्या समाधान गर्ने।
- कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराउने सकिने।

(ख) स्थानीय तहको भूमिका:

- स्थानीय तहले स्वीकृत कार्यक्रम अनुसार मापदण्ड/सूचकहरूको आधारमा अनुदानग्राही छनोट गर्ने, आवश्यकता अनुसार सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
- प्राविधिक सहयोग, समन्वय, अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा प्रगति प्रतिवेदन गर्ने।
- कार्यक्रमको लेखापरीक्षण गराउने।

(ग) अनुदानग्राही/लाभग्राहीको भूमिका:

- अनुदानग्राही/लाभग्राहीले यस कार्यविधिको अधीनमा रही कार्यक्रमको कार्यान्वयन गर्नेछ।
- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा सम्झौता बमोजिमको समयसीमा भित्रै पेश गर्नुपर्नेछ।

४. <u>कृषि तथा पशुपन्छी विकास कार्यक्रमको सञ्चालन:</u> कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूको प्रकृति देहाय बमोजिम हुनेछ:-

(क) **प्रविधि परीक्षण, प्रदर्शन, विकास तथा विस्तार सहयोग कार्यक्रम (कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने विशेष लक्षित कार्यक्रमहरू):** यस कार्यक्रम अन्तर्गत कार्यमूलक अनुसन्धान, अवलोकन, अध्ययन तथा प्रविधि परीक्षण, कृषक पाठशाला, शिविर, कृषक भ्रमण, कृषक सम्मान, रोगकीरा व्यवस्थापन, सीप तथा क्षमता विकास, जनचेतनामूलक कार्य, दिवस, असल कृषि अभ्यास प्रणाली, प्रविधि प्रदर्शन र प्रविधि विस्तार जस्ता कार्यक्रमहरू कार्यालयले आफै सञ्चालन गर्नेछ।

(ख) व्यवसाय उन्मुख तथा व्यावसायिक कृषि तथा पशुपन्छी विकास कार्यक्रम (लाभग्राहीहरूको लागत सहभागिता हुने व्यवसाय उन्मुख तथा व्यावसायिक कार्यक्रमहरू): यस कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी व्यवसाय उन्मुख वा व्यावसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्न, कृषक/उद्यमीहरूलाई प्रोत्साहन गर्न, व्यवसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। यी कार्यक्रमहरू कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा कार्यालयबाट सञ्चालन गरिनेछ।

५. **भुक्तानी प्रक्रिया तथा लेखापरिक्षणः** स्थानिय तहले कार्यक्रम सञ्चालन गर्दा खरिद तथा भुक्तानी प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

सचिव

परिच्छेद -२

## ६. प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सशर्त अनुदानबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी र मत्स्य विकास कार्यक्रमहरूको विवरण तथा सञ्चालन विधिः

### ६.१ कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने विशेष लक्षित कार्यक्रमहरू

सम्बन्धित स्थानीय तहको कृषि वा पशुपन्छी विकास शाखा मार्फत देहायमा उल्लिखित विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा संलग्न मापदण्ड र सञ्चालन गर्न सकिने क्रियाकलापहरू समेटी कैफियतमा लेखिएको बाहेक स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यान्वयन गर्न सकिनेछ। यस प्रकारका कार्यक्रम छनोट र व्यवस्थापनका लागि आवश्यक समितिहरू गठन र आवश्यकता अनुसार मापदण्डहरूको विस्तृतीकरण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारका अन्य निकायका वार्षिक कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ।

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | कैफियत |
|---|---|---|---|---|
| १ | नमूना बगैंचा स्थापना | • स्थानीय तहले कार्यक्रममा क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• आँप, लिची, अनार, कागती फलफूल बाली मध्ये कुनै एक बालीमा नमूना बगैंचा निर्माण गर्नुपर्ने,<br>• कम्तीमा १ विघा क्षेत्रफलमा नमूना बगैंचा स्थापना गर्नुपर्ने,<br>• बगैंचा स्थापना हुने जग्गा व्यक्तिको भए आफ्नै स्वामित्वमा वा भाडामा भए कम्तीमा १५ वर्षको लागि भाडामा लिएको हुनुपर्ने। वा स्थानीय तहको नाममा रहेको सार्वजनिक जग्गामा समेत गर्न सक्ने,<br>• प्राविधिक मापदण्ड अनुसार स्थानीय तहले ले-आउट तयार गरी बगैंचा निर्माण गर्नुपर्ने। | • ले-आउट, जग्गा तयारी,<br>• खाडल खन्ने यन्त्र उपकरण,<br>• खाडल खन्ने, रोप्ने,<br>• बिरुवा खरिद,<br>• प्राङ्गारिक मल, विषादी, रसायनिक मल आदि खरिद,<br>• जैविक बारबन्देज (Bio-Fencing),<br>• सिंचाईसँग सम्बन्धित सामग्री, यन्त्र उपकरण वा पूर्वाधार,<br>• औजार/उपकरण आदि खरिद। | प्रति विघा अधिकतम रू. १ लाख खर्च गर्न सकिने। |
| २ | एक घर एक करेसाबारी कार्यक्रम | • कृषक वा कृषक समूहबाट एक घर एक करेसाबारी कृषि कार्यक्रम सञ्चालन गर्ने,<br>• कार्यक्रम सञ्चालन हुने हरेक घरमा करेसाबारीमा कम्तीमा ०.२५ रोपनी जग्गामा तरकारी उत्पादन गर्नुपर्ने,<br>• न्यूनतम २५ घरधुरी सहभागी हुनुपर्ने। | • बीउ/बेर्ना,<br>• प्राङ्गारिक मल, जैविक विषादी,<br>• बाँसको प्लास्टिक टनेल<br>• अन्य आवश्यक उत्पादन सामग्रीहरू। | प्रति घरधुरी अधिकतम रु ५ हजार खर्च गर्न सकिने। |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | कैफियत |
|---|---|---|---|---|
| ३ | खाद्य सुरक्षा रणनीति तयारी | • स्थानीय तहले सरोकारवालाहरूसँग समन्वय गरी स्थानीयहको खाद्य सुरक्षा रणनीति तयारी र प्रकाशन गर्नुपर्नेछ। | • स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन र प्रकाशन,<br>• सचेतना गोष्ठी, बैठक तथा अन्तरक्रिया,<br>• प्रचार प्रसार,<br>• प्रतिवेदन तथा अभिलेखीकरण । | |
| ४ | बाली कटानी तथा रिपोटिङ्ग/ बाली कटानी तथा तथ्याङ्क अद्यावधिक | • सिजन अनुसार बालीहरू कटानी गरी उत्पादकत्व मापन गर्ने,<br>• सिंचित र असिंचित उत्पादन क्षेत्रहरूको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्न क्षेत्रहरू एकिन गर्ने,<br>• छनोट गरिएका क्षेत्र मध्ये (५ फिट x ५ फिट) एउटा नमूना हुने गरी बाली कटानी गर्ने,<br>• प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने,<br>• एक बाली कटानीमा पाँच नमूना हुनुपर्ने,<br>• फलफूल बाली तथा अन्य बालीहरूको हकमा निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुने। | • छनोट गरिएको नमूना क्षेत्रमा बाली कटानी गर्ने,<br>• बाली कटानी भएको नमूना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने र कार्यालयमा अभिलेख राखी सोको प्रतिलिपी जिल्ला स्थित कार्यालयमा पठाउने। | क्षतिपूर्ति र ज्याला खर्च बापत प्रति बाली कटानी रू. ५०० खर्च गर्न सकिने। |
| ५ | कृषक तथ्याङ्क तथा सूचना डिजिटलीकरण कार्यक्रम | • कार्यालय वा कृषि प्राविधिकहरूले कृषक तथ्याङ्क संकलन गरी डिजिटलीकरण गर्ने,<br>• तथ्याङ्क अद्यावधिकका लागि घरधुरी सर्वेक्षण/अध्ययन गर्न सकिने,<br>• किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ अनुसार किसान सूचीकरण कार्य गर्न सकिने। | • किसान सूचीकरण,<br>• तथ्याङ्क सकंलन र प्रशोधन,<br>• छलफल गोष्ठी तथा अन्तरक्रिया,<br>• डिजिटलिकरण,<br>• प्राविधिक सेवा खरिद। | |
| ६ | पशु उपचार स्थल निर्माण तथा सञ्चालन | • कार्यक्रममा तोकेको स्थान वा क्षेत्र भए सोही स्थान वा क्षेत्र नतोकेको भए स्थानीय तहले उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• संरचना सञ्चालनका लागि स्थानीय तहले मापदण्ड बनाई समिति मार्फत सञ्चालन गर्नु पर्नेछ, | • पशु स्वास्थ्य उपचारको लागि ट्रस भवन, ट्रस सेड निर्माण, ट्रेविजको निर्माण तथा अन्य अत्यावश्यक पूर्वाधार,<br>• न्यूनतम आवश्यक औजार तथा उपकरणहरू खरिद। | |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | कैफियत |
|---|---|---|---|---|
| | | • उपचार स्थलका लागि पशु स्वास्थ्य प्राविधिक स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने। | | |
| ७ | प्रदेश कृषि/पशुपन्छी विकास कार्यक्रम अनुगमन तथा समन्वय | • प्रदेशबाट कृषि तथा पशुपन्छी विकासका लागि शसर्त कार्यक्रम कार्यान्वयन, अनुगमन, समन्वय तथा रिपोर्टिङ्गका लागि खर्च गर्न सकिने,<br>• शसर्त कार्यक्रमको त्रैमासिक/वार्षिक प्रगति प्रतिवेदन तयारी, अभिलेखीकरण तथा रिपोर्टिङ्ग गर्ने। | • शसर्त कार्यक्रमको कार्यान्वयन, अनुगमन, समन्वय तथा अन्तरक्रियामा सहभागिताका लागि दैनिक भ्रमण खर्च। | |
| ८ | कस्टम हाइरिङ्ग सेन्टर स्थापना | • कस्टम हायरिङ्ग सेन्टर स्थानीय तह स्वयम् वा समूह/सहकारीले स्थापन गर्नु पर्ने,<br>• स्थान छनोट गर्दा अधिकांश कृषकलाई सेवा लिन पायक पर्ने गरी छनोट गर्नुपर्नेछ,<br>• सञ्चालन विधि स्थानीय तहले आफै निर्धारण गर्नुपर्नेछ। यसरी विधि बनाउँदा स्थानीय तह स्वयंको स्वामित्वमा वा समूह/सहकारी/संस्थाको स्वामित्वमा राखी सञ्चालन गर्नुपर्नेछ। | • सेन्टरको लागि आवश्यक पर्ने सेड निर्माण र आवश्यक कृषि यन्त्र उपकरणहरू खरिद गर्ने,<br>• मेसिनरी प्रयोगको अभिलेखीकरणका गर्नु पर्नेछ। | कार्यक्रम सञ्चालन गर्दा आवश्यकताका आधारमा स्थानीय तहले पनि लगानी गर्न सक्नेछ। |
| ९ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम/ विपन्न, द्वन्द्व पीडित अपाङ्ग अल्पसंख्यक लक्षित पशुपालन कार्यक्रम | • स्थानीय तहले देहाएको मापदण्ड अनुसार प्राविधिक दृष्टिकोणले उपयुक्त क्लष्टरमा समुदाय पहिचान गरी सञ्चालन गर्ने,<br>• विपन्न, द्वन्द्व पीडित, अपाङ्ग एवम् अल्प संख्यक समुदायमा कार्यक्रम सञ्चालन गर्ने।<br>• लक्षित समुदाय भनि पहिचान खुलेको हुनुपर्नेछ,<br>• आवेदकले माग गरेको पशुपालनको लागि उपयुक्त भूगोल र हावापानी अनुकूल हुनुपर्नेछ,<br>• व्यवसायउन्मुख उत्पादनमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• यस कार्यक्रममा एउटा क्लष्टरमा कम्तीमा १० लक्षित घरपरिवार समावेश गर्नुपर्ने। | • प्रजनन योग्य पशु/पन्छी तथा मत्स्य बीज खरिद तथा वितरण,<br>• उत्पादन सामग्री (बीउ, मल, नश्ल, औषधी तथा सूक्ष्म खाद्यतत्त्व) खरिद तथा वितरण,<br>• खोर निर्माण/ सुधार,<br>• भकारो सुधार,<br>• अभिलेखीकरण र प्रतिवेदन। | लक्षित समुदाय/कार्यक्रममा प्रति परिवार अधिकतम रु. २५ हजार खर्च गर्न सकिने। |

## ६.२ लाभग्राहीहरूको लागत सहभागिता हुने व्यवसाय उन्मुख तथा व्यावसायिक कार्यक्रमहरू

यस प्रकृतिका कार्यक्रमका लागि सम्बन्धित स्थानीय तहले तोकेको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गरी तोकिएको क्षेत्रमा वा क्षेत्र छनोट गरी संलग्न मापदण्ड र सञ्चालन गरिने क्रियाकलापहरू विनियोजित बजेटको सीमा भित्र रही प्रचलित नियमानुसार सञ्चालन गर्न सक्नेछ। स्थानीय तहले कार्यक्रम छनोट र व्यवस्थापनका लागि आवश्यक समितिहरू गठन र आवश्यकता अनुसार मापदण्डहरूको विस्तृतीकरण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारका अन्य निकायका वार्षिक कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ।

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| १ | गाई/भैंसी प्रवर्द्धन कार्यक्रम | समूह/सहकारी/फर्म/कम्पनी कृषकले पहाडमा कम्तीमा ३ वटा माउ गाई/भैंसी र तराईमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने। | • गोठ निर्माण /सुधार<br>• मेसिनरी औजार,<br>• उन्नत घास खेती,<br>• नश्ल सुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• प्रति आयोजना अधिकतम रु. १ (एक) लाख। |
| २ | बाख्रा प्रवर्द्धन कार्यक्रम/ बाख्रापालक कृषकलाई सहयोग | • कृषक/समूह/सहकारी/फर्म/कम्पनीले पहाडमा प्रति कृषक कम्तीमा १० माउ बाख्रा र तराइमा कम्तीमा १५ वटा माउ बाख्रा पालन गरेको हुनु पर्ने। | • खोर निर्माण/ सुधार,<br>• मेसिनरी औजार,<br>• उन्नत घास खेती,<br>• नश्ल सुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• प्रति आयोजना अधिकतम १ लाख। |
| ३ | बङ्गुरपालन प्रवर्द्धन कार्यक्रम | • कृषक/समूह/सहकारी/फर्म/कम्पनीले पहाडमा कम्तीमा ५ वटा माउ बंगुर र तराईमा १० वटा माउ बंगुर पालन गरेको हुनुपर्ने। | • खोर निर्माण/ सुधार,<br>• मेसिनरी औजार,<br>• पोषणयुक्त घाँस सहित आहारा,<br>• नश्ल सुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• प्रति आयोजना अधिकतम १ लाख। |
| ४ | चौरी प्रवर्द्धन कार्यक्रम | • प्राविधिक सम्भाव्यताको आधारमा स्थान र कृषक समूह/सहकारी/फर्म/कम्पनीको छनोट गर्ने,<br>• न्यूनतम ५ वटा चौरीपालन गरिरहेको | • गोठ वा टहरा निर्माण, गोठालोको लागि कुरुवा घर निर्माण,<br>• प्रजननका लागि याक/नाक खरिद, | कुल लागतको अधिकतम ७५ प्रतिशत। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्ने। | • पिउने पानी तथा आहारा व्यवस्थापन (चरन/खर्क विस्तार/सुधार),<br>• औषधी उपचार तथा खोप, जैविक सुरक्षा, तालिम,<br>• मेशिनरी औजार तथा अन्य उपकरण खरिद<br>• अभिलेखीकरण तथा प्रतिवेदन। | |
| ५ | आनुबंशिक स्रोत संरक्षण | • स्थानीय रैथाने पशुपन्छी (लिमे, पारकोटे भैंसी तथा खरी बाख्रा) को पालन गरिरहेको क्षेत्रमा कृषक/ कृषक समूह/सहकारी/निजी फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषक/निजी फर्म/कम्पनीको हकमा कम्तीमा ५ वटा भैंसी वा २० वटा माउ बाख्रा पालन गरेको हुनु पर्ने,<br>• समूह/सहकारीको हकमा कम्तीमा १५ जना सदस्य रहेको र प्रति सदस्य कम्तीमा १ वटा भैंसी वा ५ वटा माउ बाख्रा पालन गरेका हुनु पर्ने। | • गोठ, खोर,भकारो/निर्माण/ सुधार,<br>• मेसिनरी औजार खरिद,<br>• पोषणयुक्त घाँस खेती,<br>• औषधी/उपचार तथा खोप,<br>• क्षमता अभिबृद्धि,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्ल सुधारमा अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत,<br>• निजीको हकमा प्रति आयोजना अधिकतम रू. १ लाख र समूह/सकारीको हकमा प्रति योजना अधिकतम रू. ५ लाख अनुदान। |
| ६ | दूध संकलन केन्द्र स्थापना/सुदृढीकरण तथा बजारीकरण | • साझेदारीमा दुग्ध संकलन तथा बजारिकरणमा संलग्न सहकारी/समूह/समिति/फर्म कम्पनी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा ५०० लिटर र तराईमा कम्तीमा १००० लिटर दूधको संकलन र बजारिकारण गरिरहेको हुनुपर्ने। | • दूध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, चिलिङ्ग भ्याट, प्रशोधन उपकरण, जेनेरेटर, आदिको खरिद। | • निजीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान,<br>• सहकारी/समूह/समिति हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |
| ७ | घाँसको स्रोत केन्द्र स्थापना | • कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• वर्षे र बहु वर्षे घाँसको बीउ उत्पादनको हकमा कम्तीमा १.५ हेक्टर हुनुपर्ने,<br>• घाँसको सेट्स/सिलिप/सकर/कटिङ्ग उत्पादनको हकमा कम्तीमा ०.५ हेक्टर हुनुपर्ने, | • नर्सरी स्थापना, बीउ, सेट्स, स्लिप, सकर, कटिङ्ग खरिद<br>• औजार उपकरण तथा अन्य उत्पादन सामग्री खरिद,<br>• सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन,<br>• कारोबारको अभिलेखीकरण, | कुल लागतको अधिकतम ७५ प्रतिशत। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • डाले घाँसको बिरुवा उत्पादनको हकमा कम्तीमा ०.२५ हेक्टर हुनुपर्ने,<br>• अनुसूची २ अनुसार घाँस खेती गरिएको हुनुपर्ने। | • अनुसूची १ बमोजिमको ढाँचामा प्रगति अभिलेखीकरण र रिपोटिङ्ग गर्नु पर्ने। | |
| ८ | प्राकृतिक जलाशयमा मत्स्य पालन/प्रवर्द्धन कार्यक्रम | • स्थानीय तहको मातहतमा रहेका प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार) हुनुपर्ने,<br>• न्यूनतम जलाशयको क्षेत्रफल १० हे. र गहिराइ १.५ मिटर हुनुपर्ने,<br>• मत्स्य पालन गरिरहेको वा स्तरोन्नति गरी व्यावसायिक मत्स्य पालनको शुरुवात गर्ने योजना भएको हुनु पर्ने। | • प्राकृतिक जलाशय गहिराई, डिल, प्रवेश/निकाशद्वार मर्मत सुधार र सरसफाई,<br>• माछाको भुरा खरिद र आकस्मिक उपचार,<br>• एरेटर र फिडर खरिद,<br>• तथ्याङ्क अभिलेखीकरण र रिपोटिङ्ग। | • कुल लागतको अधिकतम ७५ प्रतिशत,<br>• प्रति हेक्टर जलाशय अधिकतम रु. १ लाख। |
| ९ | गौशाला निर्माण/ सुधार | • संस्थागत रूपमा स्थानीयस्तरमा सामुदायिक पशुहरूको उद्धार तथा संरक्षण गर्ने उद्देश्यले स्थापना/सञ्चालन भएका गौशालाले कम्तीमा ५० गाई/ गोरु पालेको वा पाल्ने योजना भएको हुनु पर्ने,<br>• स्थानीय तहबाट गौशाला स्थापना/सञ्चालन स्थानको भोकचलनको स्वीकृति प्राप्त भएको हुनुपर्ने,<br>• खानेपानी, चरन तथा घाँसखेतीको लागि पर्याप्त जमिन उपलब्ध हुनुपर्ने। | • गौशाला निर्माण तथा बारबन्देज,<br>• ट्रस, कम्पोष्ट पिट, दाना तथा घाँस/परालको स्टोर निर्माण,<br>• घाँस खेती र खानेपानीको व्यवस्थापन,<br>• प्राङ्गारिक मल सुधार, भर्मीकम्पोष्ट<br>• आकस्मिक पशु उपचारको व्यवस्थापन। | कुल लागतको अधिकतम ८५ प्रतिशत। |
| १० | मासु पसल सुधार | • उपयुक्त फर्म/कम्पनी/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तीमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्ने,<br>• अनुसूची ३ अनुसारको मापदण्ड पूरा गर्ने योजना हुनु पर्नेछ,<br>• स्थानीय तहका शहर उन्मुख क्षेत्रलाई लक्षित गरी गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई | • मासु काट्ने र प्रशोधन गर्ने यन्त्र उपकरणहरु खरिद,<br>• सिसा/जालि सहितको विक्रि कक्ष निर्माण वा खरिद,<br>• डि-फ्रिज खरिद<br>• मूल्य सूची वोर्ड<br>• लेखा अभिलेख राख्ने सफ्टवेयर खरिद। | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १ लाख ५० हजार। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | व्यवस्थित गर्न चाहने मासु व्यवसायीहरूले प्राथमिकता पाउनेछन। | | |
| ११ | डेरी पसल सुधार | • उपयुक्त फर्म/कम्पनी/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• सहभागी हुने प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा २०० लिटर र तराईमा कम्तीमा ३०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने,<br>• अनुसूची ४ अनुसारको मापदण्ड पूरा गर्ने प्रतिबद्धता हुनुपर्ने। | • डेरी पसलको विक्रि कक्ष निर्माण, डेरी पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य,<br>• मिल्क एनालाईजर, डि-फ्रिज, प्याकेजिङ्ग मेसिन, क्रिम सेपेरेटर, चिलिङ भ्याट, Stainless Steel Milk Can आदि औजार/उपकरणहरू खरिद। | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १ लाख ५० हजार। |
| १२ | मत्स्य ह्यचरी निर्माण /सुधार | • ह्याचरी सञ्चालन उद्देश्य भएका उपयुक्त फर्म/कम्पनी/सहकारी/समिति छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• ह्यचरीकर्ताले कम्तीमा १ हेक्टर जलाशयमा माउ माछा व्यवस्थापन गरी पालन गरेको हुनु पर्ने।<br>• निर्माण/सुधार गरीने ह्याचरी तथा पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए कम्तीमा १० वर्षको सम्झौता हुनुपर्ने।<br>• पानीको स्थायी स्रोत, सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्ने,<br>• अनुसूची ५ बमोजिमको व्यवसायिक ढाँचामा पेश गर्नुपर्ने। | • ओभर हेड टयाङ्क, ईन्कुवेशन टयाङ्क, स्पाउनिङ्ग टयाङ्क, कन्डिसनिङ्ग टयाङ्क, ह्यचरीको सेड निर्माण/सुधार।<br>• माउ माछा व्यवस्थापन,<br>• अक्सिजन सिलिण्डर आदि खरिद,<br>• पानी व्यवस्थापन,<br>• भुरा विक्रि वितरणको अभिलेखीकरण। | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति योजना अधिकतम रु. ७ लाख ५० हजार। |
| १३ | मासु प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन (DPR) सहित | • मासुको लागि पशुपन्छी उत्पादन/बिक्रि वितरण गर्ने कार्यमा संलग्न समूह/सहकारी/फर्म/कम्पनी मार्फत सञ्चालन गर्नुपर्ने,<br>• दैनिक कम्तीमा ५०० कि.ग्रा. मासुको कारोवार गरेको हुनु पर्ने,<br>• मासु उत्पादनमा संलग्न संस्थालाई प्राथमिकता दिन सकिने, | • मासु प्रशोधन केन्द्र DPR तयारी/स्वीकृति,<br>• पशुको वध गर्ने स्थल, विक्री कक्ष निर्माण<br>• डी-फ्रिज, आवश्यक उपकरणहरू तथा औजारहरू खरिद,<br>• प्रशोधन सामग्री, प्याकेजिङ्ग तथा लेभलिङ्ग खर्च,<br>• स्वच्छ पानीको व्यवस्था, फोहोर | कुल लागतको अधिकतम ५० प्रतिशत। |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • मासु प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनको लागि दिर्घकालिन योजना सहित कम्तीमा ५ वर्ष सञ्चालन गर्ने प्रतिवद्धता हुनुपर्ने,<br>• स्थानीय तहको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिन सकिनेछ। | व्यवस्थापन,<br>• जैविक सुरक्षा,<br>• एकाउण्टिङ/विलिङ प्रणाली स्थापना तथा सुधार,<br>• अभिलेखीकरण र प्रतिवेदन। | |
| १४ | बीउ भण्डार गृह स्थापना | • स्थानीय तहले कार्यक्रममा तोकिएको क्षेत्र भए तोकिएको क्षेत्रमा र नतोकिएको भए व्यावसायिक रूपमा बीउ उत्पादन, संकलन तथा सामूहिक बजारीकरण भई रहेको उपयुक्त सहकारी पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना प्रवाह गरी तोकिएको क्षेत्रका बीउ उत्पादनमा संलग्न इच्छुक सहकारीहरूबाट आवेदन माग गर्नु पर्नेछ,<br>• खाद्यान्न बालीको वार्षिक न्यूनतम १०० मे टन स्रोत बीउ उत्पादनमा संलग्न रहेको हुनुपर्ने,<br>• बीउ उत्पादन तथा बजारीकरणमा कम्तीमा ५ वर्ष संलग्न भएको हुनु पर्नेछ,<br>• पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा संस्थाको स्वामित्वमा रहेको वा सम्बन्धित स्थानीय तहले कम्तीमा १५ वर्षका लागि भोकचलनको स्वीकृति दिएको हुनुपर्नेछ। | • बीउ भण्डारणका लागि प्राविधिक रूपमा उपयुक्त संरचना (गोदाम) निर्माण र सम्बन्धित अन्य संरचना निर्माण,<br>• नियमित रूपमा बीउ बिजन कारोवारको तथ्याङ्क रिपोटिङ्ग गर्नुपर्ने। | कुल लागतको अधिकतम ७५ प्रतिशत। |
| १५ | बीउ प्रशोधन सहयोग | • कार्यक्रममा तोकिएको क्षेत्र भए तोकिएको क्षेत्रमा र नतोकिएको भए व्यावसायिक रूपमा बीउ उत्पादन, संकलन तथा सामूहिक बजारीकरणमा संलग्न सहकारी पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• वार्षिक न्यूनतम ५० मे टन खाद्यान्न बालीको बीउ उत्पादन गरेको हुनु पर्ने,<br>• बीउ उत्पादन तथा बजारीकरणमा कम्तीमा १ वर्ष संलग्न भएको हुनु पर्ने। | • बीउ प्रशोधनका लागि ग्रेडर, ट्रिटर तथा अन्य उपकरण खरिद,<br>• नियमित रूपमा बीउ बिजन कारोवारको तथ्याङ्क रिपोटिङ्ग गर्नुपर्ने। | कुल लागतको अधिकतम ७५ प्रतिशत। |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| १६ | साना सिँचाई कार्यक्रम | • कार्यक्रममा क्षेत्र/संस्था तोकिएको क्षेत्र भए तोकिएको क्षेत्र/संस्था र नतोकिएको भए स्थान र व्यावसायिक क्षेत्र पहिचान गरी कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• निजीको हकमा तराईमा न्यूनतम १० कठ्ठा र पहाडको हकमा ५ रोपनी र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने। | • सिँचाई कुलो/पोखरी, स्यालो/डिप बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,<br>• सोलार सिँचाई, थोपा सिँचाई, लिफ्ट सिँचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिँचाई सामग्री खरिद। | • पूर्वाधार निर्माणको हकमा कुल लागतको ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा ५० प्रतिशत,<br>• प्रति आयोजना निजीको हकमा अधिकतम रु. १ लाख ५० हजार। |
| १७ | भर्मी कम्पोष्ट मल उत्पादन कार्यक्रम | • उपयुक्त स्थानका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• प्राविधिकको इस्टिमेट अनुसार भर्मी वेड वा भर्मी व्यागमा मल उत्पादन गर्नुपर्ने,<br>• स्थानीय श्रोत साधनको प्रयोग गर्ने आवेदकलाई प्राथमिकता दिन सकिने। | • लागत अनुमान तयारी,<br>• भर्मी उत्पादन सामग्रीहरू खरिद, भर्मी बेड तयारी र सुधारका कार्यहरु। | • कुल लागतको अधिकतम ७५ प्रतिशत,<br>• प्रति योजना अधिकतम रु. १ लाख। |
| १८ | तरकारी हाट बजार व्यवस्थापन | • उपयुक्त स्थानमा समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• नियमित तरकारी हाट बजार सञ्चालन भएको हुनुपर्ने, | • हाट बजार सम्बन्धी सूचना संकलन, मूल्य सूची प्रकाशन,<br>• पूर्वाधार निर्माण तथा सुधार,<br>• बजार व्यवस्थापन र सरसफाई कार्यहरू,<br>• रेकर्ड डिजिटलाइज्ड गर्ने उपकरण र सामग्रीहरू खरिद र प्रयोग,<br>• कारोबारको अभिलेखीकरण। | कुल लागतको अधिकतम ७५ प्रतिशत। |
| १९ | तरकारी, वगर खेती लगायत फलफूल (कागती/सुन्तलाजात क्षेत्र विस्तार तथा सुदृढीकरण)/रैथाने बाली/ आलु/उखु/ मसला बाली (अदुवा वेसार | • स्थानीय तहले कार्यक्रममा क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए तोकिएको बाली/वस्तुका लागि न्यूनतम क्षेत्रफल तथा अन्य मापदण्ड तोकी उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ, | • बीउ, बेर्ना, बिरुवा खरिद,<br>• बगैंचा सुदृढीकरण,<br>• प्राङ्गारिक मल, विषादी, सुक्ष्म तत्वहरू, आदि खरिद,<br>• सिंचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पूर्वाधार निर्माण,<br>• उत्पादन तथा प्रशोधन सहयोगी | • बीउ, बेर्ना तथा बिरूवा, यन्त्र, उपकरण तथा उत्पादन सामग्री र निजी पूर्वाधार निर्माणमा अधिकतम ५० प्रतिशत,<br>• सामुहिक पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत,<br>• देहायबमोजिम प्रति हेक्टर अधिकतम |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | लगायत)/च्याउ/ बसन्ते मकै/तोरी प्रवर्धन कार्यक्रम | • कार्ययोजनामा बीउ र बिरुवा खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने। | यन्त्र/उपकरण खरिद,<br>• भण्डारण वा शीत भण्डारमा लाग्ने शुल्कमा सहयोग।<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ्ग सामग्री, उपकरण, लेवलिङ्ग लगायत) सहयोग। | अनुदान रकम खर्च गर्न सकिने<br>बाली/वस्तु — रकम रू.<br>तरकारी, बगर खेती, बेसार, फलफूल, सुन्तलाजात, कागती खेती — १ लाख<br>बसन्ते मकै, रैथाने बाली, तोरी — ५० हजार<br>उखु, आलु, अदुवा बाली — १.५ लाख<br>च्याउ (१०० के.जी. बीउ प्रयोग) — ३० हजार |
| २० | भकारो सुधार | • कम्तीमा २ वटा ठूला पशु पालन गरेको कृषक सहभागी हुन सक्ने,<br>• स्वीकृत डिजाईन तथा लागत अनुमान अनुसार भकारो सुधार कार्यक्रम अन्तर्गत फ्लोर तथा नाली सहितको मूत्र संकलन खाडल निर्माण वा ड्रम खरिद र मलखादमा छानो बनाउने। | • सिमेन्ट वा ईट्टाको फ्लोर, २ वटा कम्पोष्ट खाडल (छानो सहित), नाली सहितको मुत्र संकलन खाडल  निर्माण वा ड्रम खरिद। | • अधिकतम ५० प्रतिशत,<br>• प्रति योजना (२ ठूला पशुका लागि) अधिकतम रु. १५ हजार<br>• प्रति योजना (३ वा सो भन्दा बढी ठूला पशुका लागि) अधिकतम रु. ३० हजार । |
| २१ | प्राङ्गारिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रम | • स्थानीय तहले प्राविधिक मापदण्ड र कार्यदल बनाई उपयुक्त स्थान छनोट गर्ने,<br>• कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक समूह/सहकारी/समिति मार्फत कार्यक्रम सञ्चालन गर्ने। | • प्राङ्गारिक खेती, उत्पादन, प्रमाणीकरण, बजारीकरण गतिविधिहरू,<br>• क्षमता अभिवृद्धि तथा प्रचार प्रसार,<br>• भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन,<br>• बीउ, बेर्ना, सिँचाई लगायतका अन्य क्रियाकलाप। | • सामुदायिक पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत,<br>• यन्त्र उपकरण तथा अन्य सामग्रीमा अधिकतम ५० प्रतिशत,<br>• क्षमता अभिवृद्धिमा अधिकतम १० प्रतिशत रकम खर्च गर्न सकिने। |
| २२ | बजार पूर्वाधार निर्माण वा सुधार<br>(हाट बजार, कृषि उपज बजार, विक्री केन्द्र, संकलन केन्द्र स्थापना तथा सञ्चालन) | • स्थानीय तहले कार्यक्रममा तोकिएको क्षेत्र भए तोकिएको क्षेत्रमा र नतोकिएको भए स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक समूह/सहकारी/बजार समिति मार्फत सञ्चालन गर्ने, | • पूर्वाधार निर्माण तथा सुधार,<br>• बजार/बिक्री केन्द्र/संकलन केन्द्र सञ्चालन,<br>• तथ्याङ्क अभिलेखीकरण तथा रिपोटिङ्ग। | कुल लागतको अधिकतम ७५ प्रतिशत । |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • स्थायी संरचनाको हकमा प्रस्तावको नाममा र अस्थायी संरचनाको हकमा विगत देखि सञ्चालनमा रहेको हाटबजारमा स्थानीय तहको भोगचलनको सिफारिस भएको हुनुपर्ने। | | |
| २३ | खाद्यान्न बीउ उत्पादन कार्यक्रम | • कृषक/समूह/सहकारी/फर्म/कम्पनी मार्फत सञ्चालन गर्नुपर्ने,<br>• बीज वृद्धि कार्यक्रमका लागि तराईमा कम्तीमा ५ हेक्टर र पहाडमा ३ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गर्नुपर्ने,<br>• एकल वा सामूहिक वा कलस्टरमा बीउ उत्पादन गर्न सकिने,<br>• बीउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको संस्था वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | • उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद,<br>• फिल्ड निरीक्षण। | प्रति हेक्टर अधिकतम रु. ३० हजार । |
| २४ | तोरी खेती तथा मौरी प्रवर्धन कार्यक्रम | • क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• मौरी व्यवसाय सम्बन्धी उद्देश्य राखी दर्ता भएको समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा ५० घार मौरी पालन गरेको र कम्तीमा २० प्रतिशत गोला थप गर्न सक्ने प्रस्तावलाई प्राथमिकता दिन सकिने,<br>• चरनका लागि कम्तीमा १० रोपनीमा तोरी खेती गरेको वा गर्नुपर्ने। | • आधार चाका, प्याकेजिङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधीकरण,<br>• मौरी पालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद,<br>• तोरीको बीउ खरिद,<br>• मौरी चरन क्षेत्र विस्तार तथा तोरी खेती ।<br>• मह प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण सम्बन्धी कार्य | • कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• प्रति योजना अधिकतम रु. १ लाख ५० हजार। |
| २५ | मौरी प्रवर्धन कार्यक्रम | • क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए स्थान पहिचान गरी कार्यक्रम | • आधार चाका, प्याकेजिंङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण (मह, कुट र मैन) तथा अन्य | • कुल लागतको अधिकतम ५० प्रतिशत, |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | सञ्चालन गर्नुपर्ने,<br>• मौरी व्यवसाय सम्बन्धी उद्देश्य राखी दर्ता भएको समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा ५० घार मौरी पालन गरेको र कम्तीमा २० प्रतिशत गोला थप गर्न सक्ने प्रस्तावलाई प्राथमिकता दिन सकिने। | आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधीकरण,<br>• मौरी पालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद,<br>• मौरी चरन क्षेत्र विस्तार,<br>• मह प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण सम्बन्धी कार्य। | • प्रति योजना अधिकतम रु. १ लाख ५० हजार । |
| २६ | कृषि यान्त्रिकीकरण कार्यक्रम/साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान | • क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने । | • यन्त्र उपकरण खरिद,<br>• वितरणको अभिलेख राख्ने। | • अधिकतम ५० प्रतिशत अनुदान वा प्रति अनुदानग्राही रू. ५० हजार नबढ्ने गरी । |
| २७ | साझेदारीमा उखु हार्भेष्टर खरिदमा सहयोग | • क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• न्यूनतम १० हेक्टर क्षेत्रफलमा उखु लगाएको कृषक समूह/सहकारी/समिति मार्फत सञ्चालन गर्नुपर्ने,<br>• सहुलियत दरमा कृषकहरूलाई ५ वर्षसम्म सेवा प्रदान गर्ने प्रतिबद्धता गरेको हुनुपर्ने। | • मेशिन/उपकरण खरिद तथा हस्तान्तरण वा वितरण,<br>• उखु हार्भेस्टिङ प्रदर्शन सञ्चालन,<br>• वितरणको अभिलेख राख्ने। | • सङ्घीय कार्यालय वा अन्य संस्थासँग लागत साझेदारी गर्न सकिने,<br>• कुल लागतको अधिकतम रु. ४५ लाखसम्म अनुदान। |
| २८ | कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स खरिदमा अनुदान | • उपयुक्त फर्मसहकारी/कृषक समूह/कम्पनी/ छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• ढुवानीयोग्य परिमाणमा बालीवस्तु उत्पादन भएको संस्था हुनुपर्ने,<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा हालसम्म अनुदान नपाएको संस्थालाई प्राथमिकता दिने,<br>• सम्बन्धित स्थानीय तहबाट स्वीकृत प्राविधिक | • ढुवानी साधन खरिद गर्ने,<br>• ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. १५ लाख। |

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | स्पेशिफिकेशन अनुसार Single cab pick up खरिद हुनुपर्ने,<br>• ढुवानी साधनको स्वामित्व संस्थाको हुनुपर्ने र स्वामित्व हस्तान्तरण गर्न नपाइने। | | |
| २९ | कृषि उपज भण्डारणका लागि कोल्ड च्याम्बर स्थापना | • स्थानीय तहले कार्यक्रममा तोकिएको क्षेत्र भए तोकिएको क्षेत्रमा र नतोकिएको भए उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• बीउ/तरकारी/फलफूल भण्डारण वा बजारीकरण कार्यमा संलग्न निजी फर्म/कम्पनी/सहकारी/बजार समिति/कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गर्ने,<br>• कम्तीमा ८ मे. टन क्षमताको कोल्ड च्याम्बर निर्माण गर्नुपर्ने। | • चिस्यान केन्द्र (कोल्ड च्याम्बर), ट्रस निर्माण र सञ्चालन,<br>• आवश्यक यन्त्र, उपकरण तथा सामग्री खरिद। | • निजी फर्मको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• समूह, सहकारी, समितिको हकमा अधिकतम ७५ प्रतिशत। |
| ३० | फलफूल नर्सरी सुदृढीकरण | • क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• बिरुवा, बेर्ना उत्पादन, नर्सरी सञ्चालन गर्ने उद्देश्य सहित दर्ता भएको संस्था वा नर्सरी हुनुपर्ने,<br>• फलफूल, पुष्प बिरुवा तथा तरकारी बेर्ना उत्पादनमा अनुभवी प्रस्तावकलाई प्राथमिकता दिने,<br>• फलफूल माउबोट तथा बिरुवा उत्पादन गर्न कम्तीमा १ बिघा जग्गा आफ्नै स्वामित्वमा रहेको वा १० वर्षका लागि भाडामा लिएको सम्झौता हुनुपर्ने। | • माउ बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना खरिद तथा उत्पादन,<br>• सिंचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पूर्वाधार, नर्सरी सेड/नेट, स्क्रीन हाउस निर्माण,<br>• औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ्ग/ग्राफ्टिङ चाक्कु) आदि खरिद,<br>• प्राङ्गारिक मल, विषादी, पोलीपट, नर्सरी ट्रे आदि खरिद,<br>• बजारीकरण (प्याकेजिङ्ग सामग्री, उपकरण, लेवलिङ्ग लगायत) सहयोग,<br>• बिरुवा तथा बेर्ना उत्पादन तथा बेचविखनको रेकर्ड राख्ने। | कुल लागतको अधिकतम ५० प्रतिशत। (समुह/सहकारीको हकमा अधिकतम ७५ प्रतिशत) |

सचिव

## परिच्छेद-३

### विविध

७. अनुगमन तथा मूल्याङ्कन: (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीयतहले अनुगमन गर्न गर्नेछ।

(२) मन्त्रालय/निर्देशनालय/सम्बन्धित जिल्लागत कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी पृष्ठपोषण गर्न सक्नेछ।

(३) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति विवरण वार्षिक रूपमा सम्बन्धित कार्यालयमा बुझाउन पर्नेछ।

(४) सम्बन्धित स्थानीयतहले कार्यक्रमको प्रगति विवरण वार्षिक रूपमा सार्वजनिक गरी मन्त्रालयमा बुझाउन पर्नेछ।

८. जवाफदेहीता तथा जिम्मेवारी: (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवम् उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यालयले आवश्यक ठानेमा आचारसंहिता बनाई लागु गराउन सक्नेछ।

९. समन्वय र सहकार्य: स्थानीयतह वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म प्रदेश सरकार सँग समन्वय र सहकार्यमा गर्नु पर्नेछ।

१०. सूचना सम्प्रेषण: लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म सबै किसिमका मिडिया प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नु पर्नेछ।

११. सार्वजनिक सेवा सुविधा वञ्चित गर्न सकिने: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा स्थानीयतहले प्रचलित कानूनले तोकेको सार्वजनिक सेवा प्रदान गर्ने निकाय समक्ष सार्वजनिक सेवा सुविधाबाट वञ्चित गर्न लेखी पठाउन सकिनेछ।

१२. संशोधन: मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१३. बाधा अड्काउ फुकाउ: यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१४. खारेजी र बचाउ: (१) "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

मन्त्री

सचिव

अनुसूची–१
(दफा ६.२ को ७ सँग सम्बन्धित)

## श्रोत केन्द्र स्थापना कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

..................महिना/त्रैमासिक/अष्ठमासिक/वार्षिकको लक्ष्य र प्रगति

१. संस्थाको नाम : टेलिफोन सम्पर्क नम्वरः

ठेगानाः जिल्ला पालिकाः वडा नं.: गाउं/टोल :

२. आ.व. ३. महिना ३) प्रगति प्रतिवेदन अवधि : अर्धवार्षिक र वार्षिक

| क.सं. | कार्यक्रम विवरण | इकाई | वार्षिक लक्ष्य | वार्षिक बजेट | ..... त्रैमासिक लक्ष्य | त्रैमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | ..... त्रैमासिक प्रगति | ........ त्रैमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | |

भारित प्रगतिः .......... % संक्षिप्त उपलब्धिः .............

सचिव

अनुसूची-२

(दफा ६.२ को ७ सँग सम्बन्धित)

## सिफारिस मुख्य मुख्य डाँले तथा भूइं घाँसका जातहरू

क) डाले घाँसहरू :

बडहर, कान्रो, खस्रे खन्यु, राई खन्यु,निमारो, दबदबे, कुटमिरो, कोइरालो, टाँकी, इपिल इपिल, किम्बु, बकाइनो, पाखुरी, बेरुलो (गेडुलो),दुधिलो, गोगन, भिमल आदि।

ख) भूईं घाँसहरू :

बहुवर्षीय :-स्टाइलो, नेपियर, मुलाटो, मेन्डुला, सुम्बा सेटारिया, बदामे, ज्वाइन्ट भेच,.डिस्मोडियम, बिन केसिया, कुड्जु, अम्रिसो, सिग्नल, पास्पालम आदि।

हिउँदे (एक वर्षिय) :- जै, वर्षिम, भेच आदि।

बर्षे (एक वर्षिय) :- टियोसेन्टि, सुडान आदि।

कोश :-स्टाइलो, मिन्दुला, बदामे, ज्वन्ट भेच, डिस्मोडियम, बिन केसिया, कुड्जु, वर्षिम, भेच आदि।

, मुलाटो, सुम्बा सेटरिया, पास्पालम, अम्रिसो, सिग्नल, जै, टियोसेन्टि, सुडान आदि।

## अनुसूची-३

(दफा ६.२ को १० सँग सम्बन्धित)

### मासु पसल सुधारको लागि आवश्यक मापदण्ड

१. यस कार्यक्रम अन्तर्गत छनौट हुने मासु पसल स्थानीय तह वा सरकारी निकायमा आधिकारिक दर्ता र नियमित नवीकरण हुनु पर्नेछ।

२. हरेक मासु पसलको काउन्टर वा मासु विक्रि गर्ने ठाउँ सिसा र जाली लगाएको हुनु पर्नछ।

३. मासु पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल कम्तीमा ६ फिट उचाईसम्म लगाएको हुनु पर्नेछ।

४. पशु वध गर्ने स्थानको भूई सजिलै सँग सफा गर्न सकिने, पानी नजम्ने र नसोस्ने किसिमले टायल र मार्वल लगाई निर्माण गएिको हुनु पर्नेछ ।

५. पशु वध गर्ने स्थानमा वाहिरवाट कुनै जनावर, कीरा, फट्याङ्ग्रा र चराचुरुङ्गी पस्न नसक्ने व्यवस्था मिलाईएको हुनु पर्नेछ ।

६. वध गर्ने साना जनावर (खसि, बोका) लाई झुण्डाएर छाला काढ्ने सुविधा भएको हुनु पर्नेछ।

७. मासु सफा गर्न पिउन योग्य पानीको प्रयोग गर्ने व्यवस्था हुनु पर्ने र कम्तीमा २०० लिटर सम्म सफा पानी राख्ने सुविधा भएको हुनु पर्नेछ ।

८. मासु पसलमा धुलो नझर्ने तथा पानी नचुहिने गरि छानाको निर्माण भएको हुनु पर्नेछ ।

९. मासु राख्ने टेवुल जमिन भन्दा कम्तीमा एक मिटरको उचाई भएको स्टेनलेस स्टिलको हुनु पर्नेछ (इनामेल लगाएको तथा अल्मुनियम टेवल प्रयोग गर्ने पाइने छैन)।

१०. मासु काट्नको निम्ती प्रयोग गरिने अचानो काठको टुक्रा ननिस्कने विशेष खालको हुनु पर्नेछ (कुसुम वा इमिलीको हुनुपर्ने) ।

११. मासु झुण्डाउदा भूई, छाना, भित्ता, खम्वा आदी ठाँउमा नछोईने किसिमको हुनु पर्नेछ ।

१२. मासुको आकर्षण वढाउन कुनै प्रकारको रंग, रसायन वा औषधीको प्रयोग गर्न पाइने छैन। खसि, बोका, रांगो र भैंसीको मासु छाला हटाई वेच्नु पर्नेछ ।

१३. मासुमा पानी छर्कन, डुवाउन वा पानीमा भिजाईएको कपडाले छोप्न पाईने छैन ।

१४. मासु तौलने ढक तराजुहरु अन्य वस्तु वा भूइमा लसपस नहुने गरी राख्नु पर्नेछ र सफा हुनुपर्ने छ। मासु तौलने ढक तराजुहरु गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित भएको हुनुपर्नेछ।

१५. प्रयोग नभएको अवस्थामा अचानो वा टेवुल सफा रहने गरि छोपेर राख्नु पर्ने छ ।वध गरिएको पशुको भित्रयाँस, टाउको, रगत जस्ता भाग मासु पसलमा राखि विक्रि गर्न चाहेमा मासु सँग लसपस नहुने गरि अलग्गै राखि विक्रि गर्नु पर्नेछ ।

१६. मासु काट्दा टुक्रिएको आधा किलो देखि एक किलो मासु बाहेक अन्य मासु झुण्डाएको भागवाट मात्र विक्री गर्नु पर्नेछ ।वध गरिएको पशुको झुण्डाई मासु वेच्दा अन्तीम समय सम्म भाले वा पोथीको अंग स्प्रष्ट देखिने गरि राख्नु पर्नेछ र विक्रेताले फ्रिजको व्यवस्था गर्नु पर्ने छ ।

१७. पशु वध गर्दा निस्कने फोहोर मैला वातावरणलाई असर नगर्ने गरी सुरक्षित रूपले व्यवस्थापन गर्नुपर्नेछ।

१८. पशु वध गर्ने हतियार, झुण्डाउन प्रयोग गरिने हुक र अन्य औजाररउपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

१९. राँगो वध गर्ने स्थानमा सफा प्लास्टिकको तिरपाल ओछ्याइएको हुनु पर्ने । मासु र मासुजन्य पदार्थ विक्री वितरण गर्दा २० माइक्रोनभन्दा तलको प्लास्टिक प्रयोग गर्न पाइने छैन र यसरी प्रयोग गर्दा सेतो रङ्गको प्रयोग गर्नुपर्नेछ ।

२०. विरामी भएका र तत्काल एण्टीवायोटिक औषधी प्रयोग गरेका पशुपन्छीहरु वध गर्न पाईने छैन । मासु ओसारपसार गर्ने साधन सफा र किटाणुमुक्त साथै लामो ढुवानि गर्दा कम तापक्रम हुने साधन कोल्ड चेन हुनुपर्ने छ ।

२१. वधशाला भित्र वस्ने र काम गर्ने व्यक्तिले प्रत्येक ६/६ महिनामा स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाण पत्र राखु पर्ने छ । वधशाला भित्र वस्ने र काम गर्ने व्यक्तिले नियमित रूपमा नङ्ग काट्ने र सफासुग्घर हुनु पर्ने छ र सफा एप्रोन र मास्क लगाई काम गर्नु पर्ने छ ।

२२. मासु विक्रि गर्ने काउन्टरमा स्प्रष्ट देखिने गरि आफुले विक्रि गर्ने मासुको मुल्य र मासु विक्रि गर्ने पशुपन्छीको प्रकार टाँस गरि राखु पर्नेछ ।

सचिव

अनुसूची-४

(दफा ६.२ को ११ सँग सम्बन्धित)

**डेरी पसल सुधारको लागि आवश्यक मापदण्ड**

१. डेरी पसलको हकमा न्यूनतम ७ फिट चौडाई र १० फिट लम्बाई भएको पसल हुनु पर्नेछ।
२. डेरी पसलको उँचाई न्यूनतम ८ फिट रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको हुनु पर्नेछ।
३. डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल (कम्तीमा ६ फिट उचाई सम्म) लगाएको हुनु पर्नेछ।
४. डेरी पसलको बिक्री कक्षको भुईं नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको र टायल/मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ।
५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रवन्ध मिलाएको हुनु पर्नेछ।
६. डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।
७. डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमवुट, मास्क, क्याप, ग्लोब्स आदि) अवलम्बन गर्नुपर्नेछ।
८. डेरी पसलमा कीरा, भुसुना र चराचुरुङ्गी नपस्ने गरी जाली/सिसा लगाएको हुनु पर्नेछ।
९. डेरी पसलमा मूल्य सूची देखिने गरी टाँसिएको हुनुपर्नेछ।
१०. डेरी पसलहरू सरसफाई गर्दा किटनाशक विषादीहरू प्रयोग गर्न पाइनेछैन।
११. डेरी पसलबाट निस्केका दूधजन्य फोहोरहरू सुरक्षित रुपले व्यवस्थापन गर्नुपर्नेछ।

अनुसूची-५

(दफा ६.२ को १२ सँग सम्बन्धित)

**व्यावसायिक योजनाको ढाँचा -खण्ड ख. (मत्स्य ह्ययचरी/ नर्सरी )**

| | |
|---|---|
| आवेदकको नाम | ........................................................ |
| आवेदकको पुरा ठेगाना | जिल्लाः .................. गा.पा./न.पा./उ.म.न.पा. ....................<br>वडा नः .......... गाउँ/टोलः ..................................<br>इमेलः ............................ टेलिफोन नः .......................... |

२. पोखरी सम्बन्धी विवरण

| पोखरी | संख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| माउ पोखरी (ह्याचरीको लागि मात्र) | | |
| रियरिङ्ग पोखरी | | |
| नर्सरी पोखरी | | |

३. ह्याचरी सम्बन्धी विवरण

| विवरण | संख्या | क्षमता (घन मिटर) |
|---|---|---|
| स्पनिङ्ग ट्याङ्क | | |
| ईन्कुबेशन ट्याङ्क | | |
| कन्डिसनिङ्ग/होल्डिङ्ग ट्याङ्क | | |
| ओभरहेड ट्याङ्क | | |

४. पोखरीहरुमा ऐरेटर तथा अटोमेटिक फिडर प्रयोग प्रयोग गरेको छ/छैनः

(गरेको भए कति वटा पोखरीहरुमा संख्या उल्लेख गर्ने) .......................................

५. गत वर्ष कूल मत्स्य विज विक्री वितरण विवरण

५.१ ह्याचलिङ्ग (ह्याचरीकर्ताको लागि मात्र)

| क्र.सं. | माछाको जात | विक्री वितरण संख्या (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| जम्मा | | | | |

५.२ फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग (ह्याचरी तथा नर्सरीकर्ताको दुवैको लागि)

| क्र.सं. | माछाको जात | विक्री वितरण संख्या (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

५.३ ह्याचरी तथा नर्सरीद्धारा जिल्लाहरुमा विक्री वितरण गरेको मत्स्य बिजको विवरण पेश गर्ने (एकमुष्ठ)

| क्र.सं. | जिल्लाहरु | ह्याचलिङ्ग (लाखमा) | फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| जम्मा | | | |

*(आवश्यक परे थप कागजात पेश गर्न सकिनेछ)*

६) ह्याचरी तथा नर्सरीद्धारा जात अनुसार विक्री वितरण गरेको मत्स्य बिजको विवरण पेश गर्ने (एकमुष्ठ)

| सं. | जातहरु | ह्याचलिङ्ग (लाखमा) | फ्राई/फिङ्गरलिङ्ग/एडभान्स फिङ्गरलिङ्ग/ईयरलिङ्ग | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| जम्मा | | | | |

(आवश्यक परे थप कागजात पेश गर्न सकिनेछ)

७) ह्याचरी तथा नर्सरीमा प्रयोग गरिने पानीको श्रोत खुलाउनेः ............................ ।

८) पेलेट दानाको प्रयोग गरेको छ/छैनः

९) तथ्यांक अध्यावधिक राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः

९) मत्स्य विजको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः

१०) फर्म दर्ता/नविकरणको प्रमाण/कर चुक्ता प्रमाणपत्र समावेश गरे/नगरेकोः

११) कुनै प्रकारको कार्वाहीमा परेको वा नपरेको स्वःघोषणाः ...................................... ..............

१२) लेखा परीक्षण गराउने गरेको छ/छैनः (गरेको भए लेखा परीक्षणको छायाँ प्रति संलग्न गर्ने)

१३) भौतिक पूर्वाधार तथा पोखरीहरुको बीमा गरेको छ/छैनः

(गरेको भए विमालेखको छायाँ प्रति संलग्न गर्ने)

१४) नर्सरीकर्ताहरुले ह्याचलिङ्ग खरिदको रेकर्ड राख्ने गरेको छ/छैनः

(राख्ने गरेको छ भने परिमाण र श्रोत खुलाउने कागजात संलग्न गर्ने)

सचिव